# फिदिम राजपत्र


## फिदिम नगरपालिकाद्वारा प्रकाशित

खण्डः ११ फिदिम, पाँचथर भदौ ४ गते २०८३ संख्याः २


**भाग-२**

**फिदिम नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**फिदिम पाँचथरको सूचना**

**कृषि/पशुपन्छी उत्पादन, प्रशोधन र बजारीकरणका लागि आवश्यक औजार/उपकरण अनुदान तथा वितरण कार्यविधि, २०८३**

# कृषि/पशुपन्छी उत्पादन, प्रशोधन र बजारीकरणका लागि आवश्यक औजार/उपकरण अनुदान तथा वितरण कार्यविधि, २०८३

**प्रस्तावनाः**

फिदिम नगरपालिकाको क्षेत्रभित्र कृषि, पशुपन्छी, मत्स्य सम्बन्धी व्यवसाय सञ्चालन गर्ने कृषकहरुलाई कृषि/पशुपन्छीजन्य उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरणका लागि आवश्यक पर्ने विविध औजार/उपकरण तथा सामग्री अनुदान तथा वितरणलाई व्यवस्थित गर्न यो कार्यविधि बनाउन वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम फिदिम नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम कृषि/पशुपन्छी उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरणका लागि आवश्यक औजार/उपकरण अनुदान तथा वितरण कार्यविधि, २०८३ हुनेछ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएपछि लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ।

(ख) “कार्यक्रम” भन्नाले फिदिम नगरपालिकाको वार्षिक स्वीकृत योजना बमोजिम कृषि, पशुपन्छीजन्य उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरणका लागि आवश्यक पर्ने औजार/उपकरण अनुदान तथा वितरण कार्यक्रम सम्झनु पर्दछ।

(ग) “अनुदान” भन्नाले नगरपालिकालाई फिर्ता दिन नपर्ने गरी सम्बन्धित लाभग्राहीलाई उपलब्ध गराईने सामग्री वा सामग्रीमा उपलब्ध गराईने साझेदारी रकम वा प्रतिशतलाई सम्झनुपर्दछ।

(घ) “औजार/उपकरण/सामग्री” भन्नाले कृषि तथा पशुपन्छीजन्य व्यवस्थापन, उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरणका लागि आवश्यक औजार उपकरण सम्झनु पर्दछ।

**३. कार्यविधिको उद्देश्यः**

(क) कृषि/पशुपन्छीजन्य वस्तु उत्पादन गर्न लाग्ने लागत घटाउने।
(ख) कृषि/पशुपन्छी सामग्रीको पहुँच र उपलब्धतालाई व्यवस्थित गर्ने।
(ग) कृषि र पशुपंक्षी पालनलाई समयानुकूल एवम् नवीनतम् प्रविधिमा आधारित बनाउने।
(घ) एक कृषक कम्तीमा एक कृषि/पशु औजार उपकरणको उपलब्धता गराउने।
(ङ) कृषि/पशुपालनलाई आकर्षक र सम्मानजनक पेशाको रुपमा विकास गर्ने।
(च) समय र श्रमको बचत गर्ने।\
(छ) रोजगारी सृजना गर्ने।
(ज) स्थानीयस्तरमा साना तथा लघु उद्यमको विकास गर्ने।

(झ) जलवायु परिवर्तन र विपत्तिबाट हुन सक्ने क्षतिबाट बचाउने।

**४. बजेट व्यवस्थापनः**

(१) कार्यक्रम कार्यान्वयनका लागि नगरपालिकाले वार्षिक बजेटमार्फत स्रोत व्यवस्थापन गर्नेछ।

(२) अनुदान रकम वा कृषकको लागत साझेदारीको अंश तोकिए बमोजिम हुनेछ।

**५. कार्यक्रमको संचालनः**

(१) कार्यक्रम सञ्चालनको लागि अनुसूचि-१ बमोजिमको ढाँचामा १५ दिने सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्रकाशन भएको मितिभित्र ईच्छुक कृषकले अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ। तोकिएको समयसिमा भित्र आवेदन पेश नगर्ने कृषकलाई कार्यक्रममा सहभागी तथा सामग्री उपलब्ध गराइने छैन।

(३) सूचनाको अवधिभित्र पर्याप्त आवेदन पेश नभएको भनी सम्बन्धित वडा कार्यालय वा शाखाबाट लिखित जानकारी आएको खण्डमा कार्यालयले पुन: एक पटकका लागि ७ दिनको सूचना प्रकाशन गर्न सक्नेछ।

(४) आवेदन संकलनको लागि प्रकाशित सूचनाको म्याद सकिएको १० दिनभित्र सम्बन्धित वडा कार्यालयले वडा समितिको निर्णय समेत संलग्न राखी आवेदन पेश गर्ने कृषकको नामावली अनुसूची -३ बमोजिमको ढाँचामा कार्यालयमा पठाउनुपर्नेछ। तोकिएको म्यादभित्र शाखाबाट संकलन भएका आवेदनको हकमा म्याद समाप्त भएको मितिले सात(७) दिनभित्र शाखा प्रमुखले प्रमुख प्रशासकीय अधिकृत समक्ष नामावलीको विवरण पेश गर्नुपर्नेछ।

(५) लाभग्राहीले आवेदन सङ्कलनको बखतमा अनिवार्य रूपमा नेपाली नागरिकताको प्रतिलिपि तथा तिरो तिरेको रसिद पेश गर्नुपर्नेछ। स्वयं जग्गाधनी उपस्थित हुन नसक्ने अवस्था भएमा वडा कार्यालयले सिफारिस गरेअनुसार एकाघर परिवारको कुनै सदस्य उपस्थित भई सामग्री बुझिलिन सक्नेछ।

(६) वडा कार्यालय र शाखाबाट गरिएको माग सङ्कनलपश्चात मागको एकमुष्ट विवरण तयार गरी कार्यालयले खरिद प्रकृया अघि बढाउनेछ।

(७) कार्यालयमा सामग्री प्राप्त भएपश्चात लागत साझेदारी बापतको रकम तोकिएको भए उक्त रकम सहित सम्बन्धित वडा कार्यालयले सम्बन्धित लाभग्राहीलाई सामग्री बुझिलिन पठाउनुपर्नेछ।

(८) दफा ८ बमोजिमको न्युनतम् मापदण्ड पुरा नगरेका कृषकहरुलाई कार्यालयले सामग्री उपलब्ध गराउन बाध्य हुने छैन।

(९) सम्पूर्ण प्रक्रिया पुरा गरी नगर प्रमुख समक्ष पेस गर्ने, नगर प्रमुखको निर्णय पछि वितरण गरिनेछ।

**६. सामग्री प्राप्त गर्ने कृषकको योग्यता र मापदण्ड**

१. फिदिम नगरपालिका क्षेत्र भित्र जग्गा धनिपूर्जा भई कृषि खेति/पशुपालन गर्दै गरेको।

२. विगत ३ वर्ष देखि सोही प्रकृतिको सामग्री अनुदान नलिएको।

३. एकै वर्षमा एक कृषकलाई कम्तीमा एक प्रकृतिको सामग्रीका लागि मात्र अनुदान उपलब्ध गराउन सकिने।

४. कृषि तथा पशुपंक्षी सम्बन्धी व्यवसाय दर्ता गरी व्यवसाय सञ्चालन गर्दै आएको कृषकलाई सामग्री वितरणमा प्राथमिकता दिइनेछ।

५. कृषकको आफ्नो जग्गाधनी दर्ता प्रमाणपत्र अनिवार्य हुनुपर्नेछ र त्यस्तो प्रमाणपत्र नभएको खण्डमा वडा कार्यालयको रोहवरमा तयार गरिएको मन्जुरिनामा वा करारनामा गरी उक्त जग्गाको चालु आ.व. को जग्गाको मालपोत तिरेको रसिद अनिवार्य पेश गर्नु पर्नेछ।

**७. सामग्रीको सदुपयोग:**

कृषकले सामग्री बुझिलिई आफुले प्रयोग नगरी अन्यत्र व्यक्ति/पालिका/जिल्लामा दिन पाउने छैन। अनुगमनका क्रममा सम्बन्धित लाभग्राहीभन्दा फरक व्यक्ति/पक्षले प्रयोग गरेको वा उद्देश्यमूलक प्रयोग नभएको पाईएमा उक्त लाभग्राहीलाई कार्यालयको अनुदान रकम बरावर सरकारी वाँकी सरह असुल उपर गरी अनुदानमा वितरण हुने अन्य कुनैपनि कार्यक्रममा सहभागी गराइने छैन।

**८. अनुगमन समितिः**

(१) नगरपालिकाद्वारा वितरण गरिएको सामग्री प्रयोगको अवस्था बुझ्न आवश्कताअनुसार अनुमगन गरिनेछ। सम्बन्धित वडा कार्यालयले वडागत अनुगमन तथा प्रगति प्रतिवेदन अनुसूची ४ बमोजिमको ढाँचामा तयार गरी प्रत्येक आ.व को पहिलो त्रैमासिक भित्र अघिल्लो आ.व को प्रतिवेदन कार्यालयमा पेश गर्नुपर्नेछ।

(२) अनुगमन समितिले देहाय बमोजिमका आधारमा सामग्रीको निरीक्षण गर्नुपर्नेछ।

(क) सम्बन्धित लाभग्राही कृषक स्वयंले प्रयोग गरे वा नगरेको।

(ख) सामग्रीको नियमित मर्मतसम्भार तथा चालु अवस्थामा राखेको वा नराखेको।

(ग) सामग्रीले कृषकको समय र श्रमको बचत गरेको वा नगरेको।

**९. प्रगति:**

यस कार्यविधि बमोजिम अनुसूची ५ बमोजिमको ढाँचामा नगरपालिका भरी वितरण गरिएको सामग्रीहरू र प्राप्त गर्ने लाभग्राहीको विवरण एकामुष्ट र वडागत रूपमा छुट्टाछुट्टै समेत तयार गरी सोको जानकारी प्रमुख प्रशासकीय अधिकृत मार्फत नगरकार्यपालिकाको बैठकमा गराउनु पर्नेछ।

**१०. खारेजी/बचाउः** यस कार्यविधिको खारेजी र बचाउ गर्ने अधिकार नगर कार्यपालिकामा रहनेछ।

अनुसूची-१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**फिदिम नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**कृषि/पशुपन्छी तथा मत्स्य विकास शाखा**

**फिदिम, पाँचथर**

विषयः- कृषि/पशुपन्छी औजार/उपकरणको माग संकलन गर्ने बारे।

श्री वडा कार्यालय (सबै),
फिदिम नगरपालिका, पाँचथर।

प्रस्तुत विषयमा फिदिम नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट ...... प्रतिशत अनुदान सहयोगमा वितरण हुने कृषि/पशुपन्छीसँग सम्बन्धित औजार उपकरणहरू **(मिनी टिलर, मिनी मिल, च्याफ कटर, ऊखु पेल्ने मेशिन, स्प्रेयर, काउ म्याट, डेरी सामग्री)** लगायत अन्य कृषि सामग्रीको माग संकलन गर्ने प्रयोजनार्थ यो पत्र पठाईएको छ। सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र माग संकलन गरी उल्लिखित कार्यक्रमको लागि आ-आफ्नो वडाका लागि भएको वडागत विनियोजनको सिमा भित्र रहि मेशिनरी औजार उपकरणको संख्या एवम् स्पेशिफिकेसन निर्धारण गरी कृषि/पशुपन्छी उत्पादन, प्रशोधन, बजारीकरणका लागि आवश्यक औजार/उपकरण अनुदान तथा वितरण कार्यविधि,२०८३ को अनुसूची ३ बमोजिमको ढाँचामा वडा समितिको निर्णय सहित सूचनाको म्याद मितिको १० दिन भित्र पठाई दिनु हुन अनुरोध छ।

........................

(..................... )

प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची-२**

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

मितिः...........................

**विषय: कृषि, पशुपन्छी औजार/उपकरण अनुदान कार्यक्रममा सहभागी हुने बारे।**

श्री…………………………

फिदिम नगरपालिका ,पाँचथर।

फिदिम नगरपालिका, कृषि/पशुपन्छी विकास शाखा तथा वडाबाट आ.व .......... का लागि खरिद भई लागत साझेदारीमा वितरण हुने कृषि औजार तथा उपकरण प्राप्त गर्न ईच्छुक भई तपसिलका कागजातहरू संलग्न राखी यो निवेदन पेश गरेको छु। कृषि/पशुपन्छी उत्पादन, प्रशोधन, बजारीकरणका लागि आवश्यक औजार/उपकरण अनुदान तथा वितरण कार्यविधि,२०८३ को दफा ६ बमोजिमको योग्यता पुरा गरेको र उक्त कार्यक्रम कार्यान्वयन गर्दा हुने खर्चको न्यूनतम् ..... प्रतिशत रकम साझेदारी गर्ने प्रतिबद्धता व्यक्त गर्दछु। कार्यविधिले तोकेको सबै शर्तहरू मञ्जुर भई फरक पर्न गएमा प्रचलित कानुन बमोजिम सजायको भागेदारी हुन मञ्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु।

**तपसिल:**

| क्र.सं. | संलग्न कागजात | संख्या |
|---|---|---|
| १ | नागरिकताको प्रमाण पत्रको प्रतिलिपि | |
| २ | तिरो तिरेको रसिद | |
| ३ | फर्म दर्ताको हकमा व्यवसाय दर्ता /नविकरण र पान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ताको प्रतिलिपि | |
| ४ | वडा कार्यालयको सिफारिस वा नगर प्रमुखको निर्णय अनुसार | |

**यस अघि फिदिम नगरपालिकाबाट कृषिसँग सम्बन्धित सामग्री प्राप्त गरेको भए सोको विवरण:**

| क्र.सं. | सामग्रीको नाम | स्पेशिफिकेसन | परिमाण | लगेको मिति |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**हाल माग गरेको सामग्रीको विवरण:**

| क्र.स | सामग्रिको नाम | स्पेशिफिकेशन | परिमाण | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**आवेदकको नाम:** **ठेगाना: फि.न.पा., वडा नं.............**

**दस्तखतः** **सम्पर्क नः**

**अनुसूची-३**

(दफा ५ को उपदफा (४) सँग सम्बन्धित)

फिदिम नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

......... नं. वडा कार्यालय

.........पाँचथर

मितिः..........................

विषयः सिफारिस गरिएको सम्बन्धमा।

श्री फिदिम नगरपालिका

फिदिम,पाँचथर।

प्रस्तुत विषयमा फिदिम नगरपालिकाको आ.व........... को वार्षिक स्विकृत कार्यक्रमअन्तर्गत कृषि/पशुपन्छी सामग्री अनुदानमा वितरण कार्यक्रम अन्तर्गत यस वडाबाट मिति..............मा भएको वडा समितिको निर्णय समेत संलग्न राखी तपसिल बमोजिमका कृषकहरुले उल्लिखित कार्यक्रममा सहभागी हुन पाँउ भनी आवेदन पेश गरेको हुँदा सामग्री उपलब्ध गराईदिनु हुन निवेदन साथ आवश्यक कागजात संलग्न राखी सिफारिस गरिएको व्यहोरा अनुरोध छ।

**तपसिलः**

| क्र.सं. | कृषकको नाम थर | सम्पर्क नं | मेशिनरी उपकरणको | | स्पेशिफिकेसन | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | नाम | परिमाण | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

........................

(.................... )

वडा अध्यक्ष

## अनुसूची-४

(दफा ८ उपदफा (१) सँग सम्बन्धित)

फिदिम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
...........नं. वडा कार्यालय
.........पाँचथर

मितिः..........................

**विषयः अनुगमन प्रतिवेदन पठाईएको सम्बन्धमा।**

श्री फिदिम नगरपालिका
पाँचथर।

प्रस्तुत विषयमा फिदिम नगरपालिकाको आ.व.......... को वार्षिक स्विकृत कार्यक्रमअनुसार कृषि/पशुपन्छी सामग्री अनुदानमा वितरण कार्यक्रम अन्तर्गत यस वडाबाट तपसिल बमोजिमका कृषक सहभागी भएको हुँदा वडा समितिले विभिन्न मितिमा उल्लिखित सामग्री प्रयोगको अवस्था बारे अनुगमन गरी प्रतिवेदन पेश गरिएको व्यहोरा अनुरोध छ।

**तपसिलः**

| क्र.सं. | कृषकको नाम थर | सम्पर्क नं. | अनुगमन गरिएको मिति | मेशिनरी उपकरणको नाम र स्पेशिफिकेसन | कार्यविधिको दफा ७ बमोजिम उपयोग भए/नभएको | कार्यविधिको दफा ७ बमोजिम नभएको कारण |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

........................
(.................... )
वडा अध्यक्ष

**अनुसूची-५**

(दफा ९ बमोजिम)

फिदिम नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कृषि, पशुपन्छी तथा मत्स्य विकास शाखा

मितिः..........................

**विषयः प्रतिवेदन पेश गरिएको बारे।**

प्रस्तुत विषयमा आ.व. .................... को लागि स्वीकृत फिदिम नगरपालिकाको वार्षिक विकास योजनाअनुसार …..........% अनुदान सहयोगमा कृषि/ पशुपन्छी औजार उपकरण खरिद तथा वितरण कार्यक्रममा सहभागी भई सामग्री बुझीलिएको भर्पाई समेत संलग्न राखी प्रतिवेदन पेश गरिएको छ ।

| **क्र स** | **कृषकको नाम थर** | **वडा नं** | **सामग्रीको नाम** | **परिमाण** | **सम्पर्क नं** | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

आज्ञाले,

कुमार प्रसाद भट्टराई

प्रमुख प्रशासकीय अधिकृत